पाठ्यक्रम तथा परीक्षा सञ्चालन नियमावली, २०७९

(३१ औं कानून व्यवसायी अधिवक्ता तहको परीक्षादेखि लागु हुने)

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार, काठमाडौं
प्रत्यायोजित विधायनको प्रकृति : नियमावली
दर्ता नं: २२१०८२
दर्ता मिति: २०८२।११।२६

परिषद्बाट स्वीकृत ..... २०७९।०३।०६

कानून व्यवसायीको लागि सञ्चालन हुने अधिवक्ताको परीक्षाको पाठ्यक्रमलाई समायानुकूल परिमार्जन बनाई परीक्षा सञ्चालनका सम्बन्धमा व्यवस्था गर्न नेपाल कानून व्यवसायी परिषद् ऐन, २०५० को दफा २७ ले दिएको अधिकार प्रयोग गरी नेपाल कानून व्यवसायी परिषद्ले देहायका नियमहरू बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरूको नाम "पाठ्यक्रम तथा परीक्षा सञ्चालन नियमावली, २०७९" रहेको छ ।

(२) यो नियमावली तुरून्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस नियमावलीमा,

(क) "ऐन" भन्नाले नेपाल कानून व्यवसायी परिषद् ऐन, २०५० सम्झनु पर्छ ।

(ख) "परीक्षा" भन्नाले ऐनको दफा १५ बमोजिम परिषद्ले सञ्चालन गर्ने कानून व्यवसायी परीक्षा सम्झनु पर्छ ।

(ग) "परीक्षा समिति" भन्नाले ऐनको दफा १२ को उपदफा (१) तथा दफा १५ को उपदफा (२) अन्तर्गत गठित परीक्षा समितिलाई सम्झनु पर्छ ।

(घ) "तोकिएबमोजिम" भन्नाले ऐन, नियम, परीक्षा निर्देशिका तथा परिषद्ले निर्धारण गरेका निवेदन, दरखास्त, फाराम आदिमा तोकिएका कुरालाई सम्झनु पर्छ ।

३. **निवेदन दिनु पर्ने :** (१) ऐनको दफा १७ को उपदफा (१) बमोजिम योग्यता पुगेका व्यक्तिहरूले अधिवक्ताको परीक्षाको लागि परीक्षा समितिले तोकेको म्यादभित्र तोकिएको दरखास्त फाराम भरी प्रमाणसहित परिषद्मा निवेदन दिनु पर्नेछ ।

(२) परिषद्ले परीक्षा दिन योग्य उमेदवारहरूलाई तोकिए बमोजिमको प्रवेशपत्र दिनेछ ।

(३) परीक्षा केन्द्र, परीक्षा विधि र परीक्षकको नियुक्ति परीक्षा समितिले निर्धारण गरेबमोजिम हुनेछ ।

(४) उपनियम (३) बमोजिम परीक्षा विधि तोक्दा परीक्षा समितिले संपरीक्षण विधिसमेत अवलम्बन गर्नु पर्नेछ ।

४. **अधिवक्ताको लागि हुने परीक्षाको पाठ्यक्रम :** •१) अधिवक्ताको परीक्षामा देहायको विषयको परीक्षामा सम्मिलित भई दोस्रो पत्र मस्यौदा लेखन र अनुवादमा ४५ प्रतिशत अंक प्राप्त गरेको र प्रथमपत्र र अन्तर्वार्ता/वहस प्रस्तुती विषयमा ५० प्रतिशत अंक प्राप्त गरी उत्तीर्ण हुनु पर्नेछ ।

सि.नं.	विषय	परीक्षा प्रणाली र अंकभार	पूर्णाङ्क	समय
१	लिखित परीक्षा पहिलो पत्रः संविधान र कानून	बहुबैकल्पिक	१००	एक घण्टा तीस मिनेट
	दोस्रो पत्रः मस्यौदा लेखन र अनुवाद	लिखतको मस्यौदा तयारी र कानूनी नेपालीबाट अंग्रेजी र कानूनी अंग्रेजीबाट नेपालीमा	१००	चार घण्टा

• परिषद्को १७२ औं बैठक मिति २०८२।०८।०७ गतेबाट संशोधन ।

		अनुवाद		
२	बहस प्रस्तुति तथा अन्तर्वार्ता		२०	

(२) उपनियम (१) को विस्तृत पाठ्यक्रम अनुसूची १ बमोजिम हुनेछ ।

(३) परीक्षाका लागि निवेदन दिने अन्तिम म्यादभन्दा २ महिना अगाडिसम्म वहाल रहेको कानून संशोधन वा खारेज भएको अवस्थामा पनि परीक्षार्थीले पुरानै व्यवस्थाअनुरूप उत्तर दिएमा गलत मानिने छैन ।

(४) ऐनको दफा १७ को उपदफा (१) को देहाय खण्ड (ख) र (ग) बमोजिम कानून व्यवसाय गरेको अवधि गणना गर्नु पर्दा परिषद्मा अद्यावधिक भएको मितिदेखि कानून व्यवसायी परीक्षामा सम्मिलित हुन निवेदन दिएको मितिलाई आधार मानिनेछ ।

*(४क.) अभिवक्ताको प्रमाणपत्र प्राप्त गरी परिषद्मा अद्यावधिक भएकाहरुको हकमा अधिवक्ताको परीक्षामा एक विषय दोस्रो पत्र (मस्यौदा लेखन) (अनुवाद परीक्षा दिन नपर्ने) मात्र समावेश गरी १०० पूर्णाङ्कको परीक्षा लिने र सो परीक्षामा ४५ प्रतिशत अंक प्राप्त गरेमा उत्तीर्ण हुनेछ ।

५ **पाठ्यक्रम र पूर्णाङ्क सम्बन्धी विशेष व्यवस्था:** संक्रमण रोगको प्रकोप वा अन्य कुनै विषम परिस्थितिको कारण अधिवक्ताको लागि नियम ४ मा उल्लिखित पाठ्यक्रम र पूर्णाङ्कको परीक्षा सञ्चालन गर्न नसकिने भएमा परीक्षा समितिको सिफारिशमा परिषद्ले पाठ्यक्रम र पूर्णाङ्कमा आवश्यक हेरफेर गरी परीक्षा सञ्चालन गर्न सकिनेछ ।

६. **नजीर निर्धारण :** हरेक परीक्षाका लागि परीक्षा समितिले नजीर निर्धारण गर्नेछ ।

७. **परीक्षाको माध्यम :** मसौदा लेखन बिषयको परीक्षाको उत्तर नेपालीमा मात्र लेख्नु पर्नेछ ।

८. **परीक्षाफल प्रकाशन :** (१) लिखित परीक्षामा उत्तीर्ण परीक्षार्थीहरुको क्रमसंख्या परिषद्को वेवसाईटमा प्रकाशित गरी नतिजा प्रकाशन भएको सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिनेछ ।

(२) परीक्षामा ६० प्रतिशतभन्दा माथि सर्वाधिक अंक प्राप्त गर्ने बढीमा १० जना उत्तीर्ण परीक्षार्थीको नामावली परीक्षा समितिले प्रकाशित गर्न सक्नेछ ।

(३) उपनियम (२) का अतिरिक्त उत्तीर्ण महिला परीक्षार्थीहरूमध्ये सर्वाधिक अंक प्राप्त गर्ने बढीमा ३ जनाको नाम परीक्षा समितिले प्रकाशित गर्न सक्नेछ ।

९. **लब्धाङ्कपत्र :** परीक्षार्थीहरूलाई परिषद्ले रु. १,०००।- दस्तुर लिई लब्धाङ्कपत्र उपलब्ध गराउन सक्नेछ ।

१०. **पुनरयोग :** इच्छुक परीक्षार्थीहरूले निवेदन दिएमा कुनै वा सबै बिषयमा तोकिएबमोजिम पुनर्योग गरिनेछ ।

११. **तालिम :** परीक्षा उत्तीर्ण गर्ने परीक्षार्थीहरूलाई परिषद्ले व्यावसायिक तालिम दिएर मात्र कानून व्यवसायी प्रमाणपत्र दिने व्यवस्था गर्न सक्नेछ ।

१२. **खारेजी र बचाउ :** (१) पाठ्यक्रम तथा परीक्षा सञ्चालन नियमावली, २०५५ खारेज गरिएको छ ।

(२) पाठ्यक्रम तथा परीक्षा सञ्चालन नियमावली, २०५५ खारेज बमोजिम भएगरेका काम कारवाहीहरु यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

सचिव

* परिषद्को १७२ औं बैठक मिति २०८२।०८।०७ गतेबाट संशोधन ।

अनुसूची - १
नियम ४ सँग सम्बन्धित
नेपाल कानून व्यवसायी परिषद्
अधिवक्ता तहको पाठ्यक्रम
२०७९

क. लिखित परीक्षा : पहिलो चरणमा २०० पूर्णाङ्कको लिखित परीक्षा हुनेछ । सो परीक्षामा प्रत्येक पत्रको उत्तीर्णाङ्क ५० प्रतिशत हुनेछ । प्रत्येक पत्रमा उत्तीर्णाङ्क ल्याउने उमेदवार मात्र लिखित परीक्षा उत्तीर्ण भएको मानिने छ । लिखित परीक्षाका विषयहरु यसप्रकार रहेका छन् :

सि.नं.	विषय	पूर्णाङ्क	प्रश्न संख्या र अंकभार
१.	**संविधान र कानून** **मूल विषय .....६० अंक** १. संवैधानिक कानून २. प्रशासकीय कानून ३. मुलुकी अपराध संहिता ४. मुलुकी फौजदारी कार्यविधि संहिता ५. मुलुकी देवानी संहिता ६. मुलुकी देवानी कार्यविधि संहिता ७. फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन ८. न्याय प्रशासन ऐन र प्रमाण कानून ९. नेपालको कानून प्रणाली १०. विधिशास्त्र (विभिन्न सम्प्रदायको बारेमा मात्र) ११. कानून व्याख्यासम्बन्धी १२. अदालतका नियमावलीहरु **विशिष्टीकृत विषयहरु .....४० अंक** १. अन्तर्राष्ट्रिय कानून २. मानव अधिकार कानून ३. कम्पनी कानून ४. लैंगिक हिंसा नियन्त्रण कानून ५. बाल न्याय तथा बालबालिकासम्बन्धी ऐन ६. संगठित अपराध (मानव बेचविखन, लागू औषध, सम्पत्ति शुद्धीकरण) ७. विद्युतीय कारोवार सम्बन्धी कानून	१००	१०० वटा बहुवैकल्पिक प्रश्न (नकारात्मक अंक गणना नहुने)

सचिव

	८. भ्रष्टाचार निवारणसम्बन्धी कानून ९. विवाद समाधानका वैकल्पिक उपायहरु १०. बौद्धिक सम्पत्तिसम्बन्धी कानून ११. कर कानून १२. अपराध पीडितसम्बन्धी कानून १३. व्यावसायिक आचारसंहिता १४. वातावरण कानून १५. बीमा कानून १६. श्रम कानून १७. वैकिंग कसूर र बैंक तथा वित्तीय संस्थासम्बन्धी कानून १८. अध्यागमन सम्बन्धी कानून १९. कानूनी अनुसन्धान		
२.	मस्यौदा लेखन खण्ड (क) देवानी मुद्दाका लिखतको मस्यौदा, फौजदारी मुद्दाको लिखतको मस्यौदा र रिटसम्बन्धी लिखतको मस्यौदा खण्ड (ख) कानूनी नेपालीबाट अंग्रेजी र कानूनी अंग्रेजीबाट नेपालीमा अनुवाद	१००	३X३०.९० २X५.१०

नोटः मस्यौदा लेखनमा प्रत्येक खण्डको उत्तरपुस्तिका अलग अलग हुनेछ । मस्यौदा तयार गर्ने सम्बन्धी प्रश्न सोद्धा निर्धारित समयभित्र सहभागिले मस्यौदा तयार गरी एक पटक सो मस्यौदा पुनरावलोकन गर्न सक्ने गरी मस्यौदाको विषय चयन गर्नु पर्नेछ । मूलतः कानून व्यवसायीले तयार गर्नुपर्ने मस्यौदाका विषयलाई मस्यौदामा प्राथमिकता प्रदान गरिने छ । मस्यौदा लेखनमा सहभागिहरुले संविधान, मुलुकी तथा देवानी संहिता, न्याय प्रशासन ऐन र अदालतसम्बन्धी नियमावलीहरु साथमा राख्न सक्नेछन् । तर केरमेट भएका कानूनका किताव वा कुनै प्रकारका गाईड वा समिक्षा गरिएका कानूनका पुस्तकहरु साथमा राख्न पाइने छैन ।)

ख. बहस प्रस्तुति तथा अन्तर्वार्ता : लिखित परीक्षा उत्तीर्ण गरेका उमेदवारले मात्र यो चरणमा सहभागी हुन पाउने छन् । अन्तर्वार्ता २० अंकको हुनेछ । अन्तर्वार्ताको उत्तीर्णाङ्क १० हुनेछ । अन्तर्वार्तामा देहायका विषयमा केन्द्रित भई प्रश्न सोधिने छ :

१.	कानून व्यवसायीको आचारसंहिता, नेपाल कानून व्यवसायी परिषद्को अनुशासन समिति (कार्य व्यवस्था) नियमावली	५
२.	इजलासको मर्यादा र न्यायिक अनुशासन	५
३.	बहस कला र बहस सीपसम्बन्धी	१०
	जम्मा	२०

नोटः प्रत्येक सहभागीको अन्तर्वार्ताको समयमावधि कम्तीमा १५ मिनेटको हुनेछ । निर्धारित विषयमा कम्तीमा ८ मिनेट नमूना बहस गर्नु पर्नेछ । कम्तीमा ७ मिनेट अन्तर्वार्ता समितिले साथि उल्लिखित विषयमा केन्द्रित भई अन्तर्वार्ता लिनेछ ।

ग. अभ्यासवृत्ति (इन्टर्नशीप): लिखित परीक्षा र अन्तर्वार्ताबाट उत्तीर्ण भएका उमेदवारलाई अभ्यासवृत्तिमा पठाइने छ । अभ्यासवृत्तिको समय कम्तीमा तीस कार्यदिनको हुनेछ । अभ्यासवृत्ति गरिरहदा सुपरिवेक्षकले सोको निरन्तर अनुगमन गर्ने र सोबाट प्रशिक्षार्थीको व्यवहारिक सीपमा कस्तो अभिवृद्धि भयो सोको प्रतिवेदन र कार्यसम्पादनका विवरण र सम्बन्धित निकायको सिफारिस पेश गर्नु पर्नेछ । अभ्यासवृत्तिमा गरेको काम सन्तोषजनक भएको भनी सिफारिस प्राप्त भएपछि परिषद्ले मूल्याङ्कन गरी उपयुक्त देखिएमा अधिवक्ताको प्रमाणपत्र प्रदान गरिने छ । अभ्यासवृत्तिका लागि सम्बन्धित निकायको सहमति लिई परिषद्ले देहायका निकाय वा कार्यालयमा पठाउने छ :

१. कानून व्यवसायीको कार्यालय, फर्म वा च्याम्बर
२. अदालत र न्याय सम्पादन गर्ने निकाय
३. महान्यायाधिवक्ताको कार्यालय र सरकारी वकील कार्यालय
४. कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय र सम्बद्ध निकाय
५. न्यायिक जनशक्तिलाई प्रशिक्षण प्रदान गर्ने निकाय
६. न्यायिक अभ्यास (क्लिनिकल कक्षा) मा सहभागिता
७. नेपाल कानून व्यवसायी परिषद्ले तोकेका अन्य निकायहरु

घ. आधारभूत प्रशिक्षण :अभ्यासवृत्तिमा उत्तिर्ण भई अधिवक्ताको अन्तिम नतिजामा नाम समावेश भएका परीक्षार्थीलाई तीन कार्य दिनको आधारभूत प्रशिक्षणमा सरिक गराइने छ । उक्त आधारभूत प्रशिक्षणमा देहायका विषयहरु समावेश हुनेछन् :

१. हकदैया, हदम्याद र विलम्वको अवधारणा र सो सम्बन्धमा भएका न्यायिक व्याख्याहरु
२. अदालतको क्षेत्राधिकार र सो सम्बन्धमा अदालतबाट भएका व्याख्याहरु
३. अन्तरिम आदेश र अन्तरकालिन आदेश सम्बन्धी व्यवस्था सोउपरको उपचार
४. कानूनी लिखतको मस्यौदा सीप
५. कानून व्यवसायीको आचारसंहिता र उल्लंघन भएमा हुने कारवाही
६. अदालतमा पालना गर्नुपर्ने अनुशासन र कायम गर्नु पर्ने इजलासको मर्यादा
७. बहस कला र बहस सीप
८. कानून व्यवसायीले प्रदान गर्ने कानूनी रायसम्बन्धी

लिखित परीक्षाको पाठ्यक्रम

पहिलो पत्रः संविधान र कानून **पूर्णाङ्क १००**

सचिव

१. **संवैधानिक कानून :** यस अन्तर्गत नेपालको संविधान (२०७२), संविधानका आधारभूत पक्षहरु, संवैधानिक कानूनका सिद्धान्तहरु, मौलिक हक अधिकार, न्यायपालिका र सार्वजनिक सरोकारको विवादसम्बन्धी विषयसमेत समावेश हुनेछन् ।

२. **प्रशासकीय कानून :** यसअन्तर्गत प्राकृतिक न्यायको सिद्धान्त, शक्तिपृथकीकरण तथा नियन्त्रण र सन्तुलनको सिद्धान्त, न्यायाधिकरण, न्यायिक पुनरावलोकन एवम् रिट समावेश हुनेछन् ।

३. **मुलुकी अपराध संहिता :** यसअन्तर्गत संहिताका सामान्य प्रावधानहरु, ज्यानसम्बन्धी कसूर, कुटपिट वा अंगभंग सम्बन्धी कसूर, अपहरण तथा शरीर बन्धकसम्बन्धी कसूर, करणीसम्बन्धी कसूर, चोरी तथा डाँकासम्बन्धी कसूर, ठगी, आपराधिक विश्वासघात र आपराधिक लाभसम्बन्धी कसूर समेतका विषय समावेश हुनेछन् ।

४. **मुलुकी फौजदारी कार्यविधि संहिता:** यस संहितामा रहेका प्रावधानहरु ।

५. **मुलुकी देवानी संहिता:** यसअन्तर्गत संहिताका प्रारम्भिक, व्यक्तिसम्बन्धी कानून, पारिवारिक कानून, सम्पत्ति सम्बन्धी, दुष्कृती, निजी अन्तर्राष्ट्रिय कानून र करार सम्बन्धी विषय समावेश हुनेछन् ।

६. **मुलुकी देवानी कार्यविधि संहिता:** यस संहितामा रहेका प्रावधानहरु ।

७. **फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन:** यस ऐनमा रहेका प्रावधानहरु ।

८. **न्याय प्रशासन सम्बन्धी कानून तथा प्रमाण कानून :** यसमा न्याय प्रशासन ऐन, सर्वोच्च अदालत ऐन, न्याय परिषद् ऐनका व्यवस्थाका साथै प्रमाण कानूनका सिद्धान्त र प्रमाण ऐनका विषय तथा यस सम्बन्धमा सर्वोच्च अदालतबाट भएका व्याख्या समेत समावेश हुनेछन् ।

९. **नेपालको कानून प्रणाली :** यस अन्तर्गत मानव न्यायशास्त्र, वि.सं. १९१० को मुलुकी ऐन र तत्पश्चातको पाँच भाग मुलुकी ऐन, नेपालको सवैधानिक तथा कानूनको विकासक्रम, न्याय प्रशासनको विकास, मुलुकी देवानी र फौजदारी संहिता एवं कार्यविधि संहिता, फौजदारी कसूर निर्धारण र सजाय ऐन, २०७४ समावेश हुनेछन् ।

१०. **विधिशास्त्र :** यसमा प्राकृतिक कानून सम्प्रदाय, ऐतिहासिक सम्प्रदाय, विश्लेषणात्मक सम्प्रदाय, समाजशास्त्रीय सम्प्रदाय, यथार्थवादी सम्प्रदाय, समाजवादी सम्प्रदाय, क्रिटिकल लिगल स्टडिज, पोष्ट मोडर्न लिगल थेउरी समेत समावेश हुनेछन् ।

११. **कानून व्याख्या सम्बन्धी :** यसमा नेपाल कानून व्याख्या सम्बन्धी ऐन, २०१० को प्रावधान, संविधान व्याख्याको नियम, ऐन कानून व्याख्याको नियम समावेश हुनेछन् ।

१२. **अदालतका नियमावलीहरु:** यसअन्तर्गत सर्वोच्च अदालत नियमावली, संवैधानिक इजलास सम्बन्धी नियमावली, उच्च अदालत नियमावली र जिल्ला अदालत नियमावली समावेश हुनेछन् ।

विशिष्टीकृत विषयहरु

सचिव

१. **अन्तर्राष्ट्रिय कानूनः** यस अन्तर्गत नेपालको संविधान, धारा २७९, सन्धि ऐन, २०४७, United Nations Charter 1945, Vienna Convention on the Law of Treaties 1969, Montevideo Convention on the Rights and Duties of States 1933 र राजाराम ढकाल समेत विरुद्ध प्रधानमन्त्री कार्यालय समेत (ने.का.प २०६०, भाग ४५, अंक ९, नि.न ७२७४) सम्बन्धी विषय समावेश हुनेछ ।

२. **मानव अधिकार** :यस अन्तर्गत १. नेपालको संबिधान, राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८, मानव अधिकारको विश्वव्यापी घोषणापत्र (Universal Declaration of Human Rights, UDHR 1948) र नेपाल पक्ष भएका महासन्धिहरु (बेवसाइट लिकं https://tbinternet. ohchr.org/ layouts/15/TreatyBodyExternal/Treaty.aspx?CountryID=122&Lang=EN समावेश हुनेछन् ।

३. **कम्पनी कानून :** यसमा मूलतः कम्पनी ऐनका विषय समावेश हुनेछन् ।

४. **लैगिक हिंसा नियन्त्रण कानून :** यस अन्तर्गत नेपालको संविधान, कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१, घरेलु हिंसा (कसूर र सजाय) ऐन, २०६६, बोक्सीको आरोप (कसूर र सजाय) ऐन, २०७२, यौन हिंसा अध्यादेश, २०७८, तेजाब तथा अन्य घातक रसायनिक पदार्थ (नियमन) अध्यादेश, २०७८, राष्ट्रिय महिला आयोग ऐन, २०७४ तथा देहायका सर्वोच्च अदालतका फैसलाहरु समावेश हुनेछन् :

- लक्ष्मीदेवी धिक्ता विरुद्ध नेपाल सरकार (ने.का.प २०६७, निर्णय न. ८४६४)
- अधिवक्ता रेश्मा थापा समेत विरुद्ध श्री ५ को सरकार, मन्त्रि परिषद् सचिवालय समेत (ने.का.प. २०६२, निर्णय नं. ७४९८)
- गुराँसदेवी लामा विरुद्ध राधीका श्रेष्ठ (ने.का.प. २०७१, निर्णय नं. ९२४२)
- सपना प्रधान मल्ल विरुद्ध नेपाल सरकार (ने.का.प २०६५, निर्णय नं. ८०३८)
- ज्योती पौडेल समेत वि. नेपाल सरकार समेत (ने.का.प २०६६, निणर्य नं. ८२८२)

५. **बाल न्याय र बालबालिकासम्बन्धी कानून :** यसमा बालबालिकासम्बन्धी ऐनले गरेका बाल न्यायसम्बन्धी व्यवस्था, बाल न्याय सम्पादन सम्बन्धी नियमावलीको व्यवस्था र ती व्यवस्थाको कार्यान्वयनमा सर्वोच्च अदालतले गरेका प्रतिनिधि व्याख्याका विषय समावेश हुनेछन् । यसका साथै बालबालिका, बाल बिज्याइँ र कानूनको विवादमा परेका बालबालिकाको परिभाषा, बाल न्यायको अवधारणा र परिभाषा, बाल न्यायको उद्देश्य र औचित्य, बाल न्यायका सिद्धान्तहरु, बाल न्यायका ढाँचाहरु, बाल न्याय सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरु, नेपालमा बाल न्यायसम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्थाहरु र नेपालमा बाल न्यायसम्बन्धी सर्वोच्च अदालतको दृष्टिकोण समावेश हुनेछ ।

६. **संगठित अपराध** : यसमा संगठित अपराधको अवधारणागत पक्ष र मानव बेचविखन, लागू औषध, सम्पत्ति शुद्धीकरणसम्बन्धी ऐनका व्यवस्था समावेश हुनेछन् ।

७. **विद्युतीय अपराध :** यसमा विद्युतीय कारोवार ऐनका व्यवस्था समावेश हुनेछन् ।

८. **भ्रष्टाचार :** यसमा भ्रष्टाचार निवारण ऐन र भ्रष्टाचार मुद्दामा सर्वोच्च अदालतबाट भएका प्रतिनिधि व्याख्या समावेश हुनेछन् ।

९. विवाद समाधानका वैकल्पिक उपायहरु : यसमा स्थानीय न्यायिक समिति, अदालतका नियमावलीले गरेको मेलमिलापसम्बन्धी व्यवस्था र मेलमिलाप ऐनका विषय समावेश हुनेछन् ।

१०. बौद्धिक सम्पत्तिसम्बन्धी : यसमा प्रतिलिपि अधिकार, पेटेन्ट, डिजाइन र ट्रेडमार्क सम्बन्धी ऐनका व्यवस्थाहरु समावेश हुनेछन् ।

११. कर कानून : यसमा आयकर ऐन, मूल्य अभिवृद्धि कर ऐन र राजस्व चुहावट नियन्त्रण ऐनका व्यवस्थाहरु समावेश हुनेछन् ।

१२. पीडित न्याय प्रणाली : यसमा अपराध पीडित संरक्षण ऐन र अदालतबाट भएका प्रतिनिधि व्याख्याहरु समावेश हुनेछन् । सो का साथै पीडितशास्त्रको अवधारणा, परिभाषा र विषयवस्तु, अपराध पीडित सम्बन्धी अवधारणा र परिभाषा, पीडितको वर्गीकरण, पीडितको अधिकार र कर्तव्य, पीडित न्यायका अन्तर्निहित सिद्धान्तहरु, पीडित न्याय सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरु, पीडित न्याय सम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्थाहरु तथा नेपालमा पीडित न्यायको संरक्षण र सम्वर्धनमा सर्वोच्च अदालतको दृष्टिकोण समेत समावेश हुनेछ ।

१३. व्यावसायिक आचारसंहिता: यसमा नेपाल कानून व्यवसायी परिषद् ऐन र कानून व्यवसायीको आचारसंहिता, नेपाल कानून व्यवसायी परिषद् र नेपाल बार एशोसिएशनको अन्तरसम्बन्ध, न्यायाधीश तथा सरकारी वकीलको आचारसंहिता र सो सम्बन्धमा भएका न्यायिक व्याख्यासमेत समावेश हुनेछन् ।

१४. वातावरण संरक्षण कानून : यसमा वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियमावली, २०७७ का वातावरणीय अध्ययन (परिच्छेद २) प्रदूषण नियन्त्रण (परिच्छेद ३), जलवायु परिवर्तन सम्बन्धी (परिच्छेद ४), जरिवाना तथा क्षतिपूर्ति (परिच्छेद ६), वातावरणीय अधिकार र दायित्व (Environmental Rights and responsibilities) र नेपाल पक्ष भएका वातावरणीय सन्धी सम्झौता समावेश हुनेछन् ।

१५. बीमा सम्बन्धी कानून: बीमा ऐन तथा नियमावलीको व्यवस्था ।

१६. श्रमसम्बन्धी कानून: श्रम ऐन तथा नियमावलीका व्यवस्था ।

१७. वैकिंग कसूर र बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन : यसमा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र बैंकिङ् कसूर तथा सजाय ऐन, २०६४ समेत समावेश हुनेछन् ।

१८. अध्यागमन सम्बन्धी ऐन तथा नियमावलीका व्यवस्था: यस ऐनमा रहेका प्रावधानहरु ।

१९. **कानूनी अनुसन्धान** : यसमा कानूनी अनुसन्धानका चरणहरु (Stages of legal research), न्यायाधीश र कानूनी व्यवसायीलाई कानूनी अनुसन्धानको सान्दर्भिकता, परिमाणात्मक र गुणात्मक कानूनी अनुसन्धान, कानूनी अनुसन्धान सूचनाका स्रोतहरु, कानूनी अनुसन्धानका उपाय वा पद्धतिहरु समेतका विषय समावेश हुनेछन् ।

नोट : माथि उल्लिखित विषयमा सर्वोच्च अदालतबाट भएका व्याख्याका बारेमा समेत जानकारी राख्नु पर्नेछ ।

दोस्रो पत्र : मस्यौदा लेखन

खण्ड (क) मस्यौदा तयारी

पूर्णाङ्क: १००

सचिव

१. देवानी मुद्दाको लिखतको मस्यौदा **अंक ३०**

प्रश्नमा दिइएको तथ्यका आधारमा देहायका विषयमध्येबाट कुनै लिखतको मस्यौदा तयार लगाइने छ :

१. फिरादपत्र

२. प्रतिउत्तरपत्र

३. अन्तरकालीन आदेश उपरको निवेदन

४. बहस नोट

५. पुनरावेदन

६. दो.पा. र पुनरावलोकनको निवेदन

७. विगो भराउने, चलन चलाउने र अंश छुट्याइ पाऊँ भन्ने निवेदन

८. अधिकृत वारिसनामा

२. फौजदारी मुद्दाको मस्यौदा लेखन **अंक ३०**

१. थुनछेक आदेश उपरको निवेदन

२. बहस नोट

३. सजायपूर्वको प्रतिवेदन

४. पुनरावेदनपत्र

५. दो.पा. र पुनरावलोकनको निवेदन

३. रिटसम्बन्धी लिखतको मस्यौदा लेखन **अंक ३०**

१. रिट निवेदन (उत्प्रेषण, परमादेश, प्रतिषेध, बन्दी प्रत्यक्षीकरण, अधिकारपृच्छा, निषेधाज्ञा र संविधानको धारा १३३(१) बमोजिमको निवेदन)

२. रिट निवेदन दरपीठ उपरको निवेदन

३. अन्तरिम आदेश उपरको उपचार

४. लिखितजवाफ

५. उच्च अदालतको आदेश उपर दो.पा. को निवेदन

६. पुनरावलोकनको निवेदन

खण्ड (ख) कानूनी अंग्रेजी नेपाली अनुवाद **अंक १०**

१. कानूनी नेपालीबाट अंग्रेजीमा अनुवाद अंक ५

२. कानूनी अंग्रेजीबाट नेपालीमा अंग्रेजीमा अनुवाद अंक ५

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार, काठमाडौं
प्रत्यायोजित विधायनको प्रकृति : नियमावली
दर्ता नं: २।०८३
दर्ता मिति: २०८३।०१।१६

नेपाल कानून व्यवसायी परिषद

पाठ्यक्रम तथा परीक्षा सञ्चालन नियमावली (पहिलो संशोधन) नियमावली,२०८३

प्रस्तावना: पाठ्यक्रम तथा परीक्षा सञ्चालन नियमावली, २०७९ मा संशोधन गर्न वाञ्छनीय भएकोले, नेपाल कानून व्यवसायी परिषद् ऐन,२०५० को दफा २७ ले दिएको अधिकारी प्रयोग गरी परिषद्ले देहायका नियमहरु बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यी नियमहरुको नाम "पाठ्यक्रम तथा परीक्षा सञ्चालन(पहिलो संशोधन) नियमावली,२०८३" रहेको छ।

(२) यो नियमावली परिद्ले स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ।

२. **पाठ्यक्रम तथा परीक्षा सञ्चालन नियमावली, २०७९ को नियम (४) को उपनियम (१) मा संशोधन:** पाठ्यक्रम तथा परीक्षा सञ्चालन नियमावली, २०७९ (यस पछि "मूल नियमावली" भनिएको) को नियम (४) को उपनियम (१) को सट्टा देहायको उपनियम (१) राखिएको छ।

अधिवक्ताको परीक्षामा देहायको विषयको परीक्षामा सम्मिलित भई ५० प्रतिसत अंक प्राप्त गरी उत्तिर्ण हुनु पर्नेछ।

सि.नं.	विषय	परीक्षा प्रणाली र अंङ्कभार	पूर्णाङ्क	समय
१	लिखित परीक्षा पहिलो पत्रः संविधान र कानून दोश्रो पत्रः मस्यौदा लेखन र अनुवाद	 बहुवैकल्पिक लिखतको मस्यौदा तयारी र कानूनी नेपालीबाट अंग्रेजी र कानूनी अंग्रेजीबाट नेपालीमा अनुवाद	 १०० १००	 एक घण्टा तीस मिनेट चार घण्टा
२	बहस प्रस्तुति तथा अन्तर्वार्ता		२०	

श्रीराम खनाल
सचिव

कानून,न्याय तथा संसदीय मामिला मन्त्रालय,सिंहदरबार,काठमाडौं
प्रत्यायोजित विधायनको प्रकृति : नियमावली
दर्ता नं: ९६
दर्ता मिति: २०८३।०८।०८

नेपाल कानून व्यवसायी परिषद
ललितपुर, नेपाल
Lalitpur, Nepal
स्था. २०५०
Estd. 1993
Nepal Bar Council

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार, काठमाडौं

नेपाल कानून व्यवसायी परिषद

पाठ्यक्रम तथा परीक्षा सञ्चालन नियमावली (दोश्रो संशोधन) नियमावली,२०८३

प्रस्तावना: पाठ्यक्रम तथा परीक्षा सञ्चालन नियमावली, २०७९ मा संशोधन गर्न वाञ्छनीय भएकोले, नेपाल कानून व्यवसायी परिषद् ऐन,२०५० को दफा २७ ले दिएको अधिकार प्रयोग गरी परिषद्ले देहायका नियमहरु बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यी नियमहरुको नाम "पाठ्यक्रम तथा परीक्षा सञ्चालन (दोश्रो संशोधन) नियमावली,२०८३" रहेको छ।

(२) यो नियमावली परिषद्ले स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ।

२. **पाठ्यक्रम तथा परीक्षा सञ्चालन नियमावली, २०७९ को अनुसूचि १ मा संशोधन:**

पाठ्यक्रम तथा परीक्षा सञ्चालन नियमावली, २०७९ (यस पछि "मूल नियमावली" भनिएको) को अनुसूचि १ मा (क) का विवरण पछि नोटमा हालको सट्टा देहायको व्यवस्था राख्नेः

मस्यौदा लेखनमा प्रत्येक खण्डको उत्तरपुस्तिका अलग अलग हुनेछ। मस्यौदा तयार गर्ने सम्बन्धी प्रश्न सोध्दा निर्धारित समयभित्र सहभागिले मस्यौदा तयार गरी एक पटक सो मस्यौदा पुनरावलोकन गर्न सक्ने गरी मस्यौदाको विषय चयन गर्नु पर्नेछ।

२०८३।०८।०८
श्रीराम खनाल
सचिव